जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ११५ पृष्ठः ४ | २०८३ भदौ १० बुधबार (Wednesday 26 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाको गोलबजारस्थित गागनखोला किनारमा एक वृद्धाको शव भेटीयो



सिरहा, ९ भदौ । सिरहाको गोलबजारमा एक वृद्धाको शव फेला परेको छ। गोलबजार ३ गागनखोला पश्चिमि किनारको खयर घारिमा नरहा गाउँपालिका ३ खोरियाको मो. अवु खानको श्रीमती ७० वर्षिय सलुखुन खातुनके शव फेला परेको हो। पूर्व-पश्चिम जागमार्ग अन्तर्गत गोलबजार ३ गागनखोला पुलदेखि करिब सय मिटर पश्चिम किनारमा खयर घारीमा घोप्टो परेको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीले घटनास्थललाई शिल गरेर आवश्यक प्रकृया पुरा गरिरहेको जनाएको छ। शव अहिले घटनास्थलमै रहेको छ। उनको आफन्तहरु पनि आईरहेकाले आवश्यक प्रकृया पुरा गरेर शव पोष्टमार्टमको लागि पठाउने प्रहरीको भनाई छ। सोमबार अपसान्ह घरबाट हराईरहेकी उनको आफ्नो आफन्तको खोजतलास गरिरहेको भएपनि प्रहरीमा खवर गरेको थिएन। वृद्ध भएकाले आफ्नो आफन्तको गएको हुनसक्ने भन्दै खोजतलास गरिरहेको आफन्तले बताए। प्रहरीले घटनाबारे थप अनुसन्धान भईरहेको जनाएको छ।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## घरभित्रै जलेर महिलाको मृत्यु

### सिरहाको मिर्चैया नगरपालिका-५ को पुरानो बजारस्थित घरमा आगलागी हुँदा एक महिला मृत्यु भएको छ।

सिरहा, ९ भदौ। सिरहाको मिर्चैया नगरपालिका-५ को पुरानो बजारस्थित घरमा आगलागी हुँदा एक महिला मृत्यु भएको छ। मृत्यु हुनेमा रञ्जितकुमार महतोकी श्रीमती करिब ३० वर्षीया विभा पूर्वे रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार मंगलबार बिहान करिब ११:३५ बजे महतोको दुई तल्ले पक्की घरमा आगलागी भएको थियो। आगलागीबारे स्थानीयले प्रहरीलाई ११:४० बजे खबर गरेका थिए।

तत्कालै प्रहरी नायब उपरीक्षक पुरुषोत्तमप्रसाद पाण्डेको कमान्डमा टोली खटिएको थियो। प्रहरीले घरभित्रै उनको शव फेला पारेको हो। आगलागीबाट उनको शरीरको अधिकांश जलेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ। आगलागीको कारणबारे अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ। घटनाको थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिरहाबाट प्रहरी उपरीक्षक बासुदेव पाठकको कमाण्डको टोली, मिर्चैया सरकारी अस्पतालका चिकित्सक तथा विद्युत् प्राविधिसहितको टोली घटनास्थल पुगेको थियो। शव पोस्टमार्टमका लागि धरान पठाउने त्यारी गरिरहेको प्रहरीको भनाइ छ।

## बकसपत्रको जग्गा विवाद, जबर्जस्ती ३० लाखको कपाली तमसुक बनाएको आरोप

**मणिलाल विश्वकर्मा**

लहान, ९ भदौ । सिरहाको धनगढीमाई नगरपालिका-७ फुलकहा गाउँकी वृद्धा पवित्री महतोले ससुराले बकसपत्र गरिदिएको जिउनी जग्गा विवादमा आफ्नै देवरहरूले जबर्जस्ती कपाली तमसुक बनाएर दुःख दिइरहेको आरोप लगाएकी छिन्।



महतो श्रीमान करिब ६९ वर्षीय महेन्द्र महतोले बाबु फुलचन महतोलाई खाने, बस्ने, औषधि-उपचार र स्याहार गरेपछि खुसी भएर बकसपत्र गरिदिएको करिब १३ कट्ठा जग्गा पाउनुपर्ने भन्दै विवाद झिकेका सहोदर भाइहरूले जबर्जस्ती ३० लाख रुपैयाँको कपाली बनाएर लेनदेनसम्बन्धी मुद्दामा फसाएको आरोप लगाए। 'मेरै घरमा बस्नुभएका बाबुको मृत्युपछि दाहसंस्कार गरी किरियामा बसेका वेला वृद्धा श्रीमतीलाई झुक्याई १५ असार ०७५ को मितिमा ३० लाख रुपैयाँको कपाली बनाएछन्,' उनले भने, 'त्यही मुद्दामा जिल्ला, उच्च हुँदै सर्वोच्च अदालतसम्म धाउँदै छु।'

**'बकसपत्रको जग्गा नपाएपछि कपाली'**

उनका अनुसार बाबु जीवित हुँदै ०७६ सालमा आफूसहित भाइहरू जोगिन्द्र, प्रमेश्वर र विन्देश्वरको पैत्रिक सम्पत्ति अंशबन्डा भएको थियो । 'आमाको निधनपछि बाबुको देखभाल, स्याहार र औषधि-उपचार भाइहरूले गरेनन्,' उनले भने, 'त्यसपछि बाबुलाई खुवाउने, स्याहार्ने र औषधि-उपचार पनि मैले नै गरेपछि खुसी भएर गाउँको तीन कित्ताको करिब १३ कट्ठा जग्गा बकस गरिदिनुभएको थियो ।'

साबिक फूलकहाकट्टी २ क कि.नं. १७७३ को ४.३५ धुर, १७६७

**-बाँकी तीन पेजमा**

## कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्को विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

**कर तिर्नु नागरिकको दायित्व र राष्ट्प्रतिको योगदान हो ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## विकासका नाममा पक्षपात होइन, न्यायपूर्ण व्यवस्थापन

लहान नयाँ बजारमा नगरपालिकाले डोजर चलाएर घर–टहरा भत्काएको घटनाले विकास निर्माण र नागरिकको अधिकारबीचको सन्तुलनबारे गम्भीर प्रश्न उठाएको छ। सार्वजनिक जग्गा व्यवस्थित गर्ने, अव्यवस्थित संरचना हटाउने र आधुनिक बजार निर्माण गर्ने नगरपालिकाको उद्देश्य आफैँमा गलत होइन। तर विकासको नाममा वर्षौंदेखि व्यापार–व्यवसाय गर्दै आएका नागरिकको जीविकोपार्जन र सम्पत्तिमाथि एकतर्फी हस्तक्षेप हुनु स्वीकार्य हुन सक्दैन। नगरपालिकाले पटक–पटक सूचना जारी गरेर घर–टहरा खाली गर्न आग्रह गरेको र तीन दिनको समय दिएको जनाएको छ। नगर प्रमुख महेशप्रसाद चौधरीका अनुसार नगरपालिकाको करिब दुई बिघा जग्गामा तीनवटा भवन निर्माण गरी ७२ वटा कोठा तयार पार्ने र पुराना संरचनामा रहेका व्यापारीलाई नयाँ भवनमा व्यवस्थापन गर्ने योजना छ। भवन निर्माण अन्तिम चरणमा पुगेकाले पुराना संरचना हटाउनुपर्ने नगरपालिकाको तर्क पनि बुझ्न सकिन्छ।

तर समस्या संरचना हटाउने निर्णयमा मात्र होइन, त्यसको कार्यान्वयन प्रक्रियामा देखिएको शैलीमा हो। व्यापारीहरूले बजार समिति र आफूहरूलाई पर्याप्त समन्वय नगरी बिहानै डोजर चलाइएको आरोप लगाएका छन्। अझ गम्भीर प्रश्न त के छ भने सयौँ घर–टहरा रहेको स्थानमा सातवटा संरचना मात्रै किन भत्काइए? नगरपालिकाले बाँकी संरचना पनि क्रमशः हटाइने र माथिबाट आदेश आएपछि थप कारबाही हुने जवाफ दिएको छ। यसले व्यापारीहरूमा पक्षपात भएको आशंका जन्माएको छ। यदि सबै संरचना अवैध हुन् भने मापदण्ड एउटै हुनुपर्छ। कसैको संरचना भत्काउने र पहुँच भएका व्यक्तिका संरचना जोगाउने व्यवहारले स्थानीय सरकारप्रतिको विश्वास कमजोर बनाउँछ। कानुनको कार्यान्वयन व्यक्ति हेरेर होइन, संरचनाको वैधानिकता र सार्वजनिक हितका आधारमा हुनुपर्छ। नगरपालिकाले पक्षपात नगरेको दाबी मात्र गरेर पुग्दैन, त्यसलाई व्यवहारबाट पनि प्रमाणित गर्नुपर्छ।

अर्कोतर्फ, नयाँ बजारका व्यापारीहरूले पनि सार्वजनिक जग्गा र बजार व्यवस्थापनसम्बन्धी नगरपालिकाको अधिकारलाई पूर्णतः अस्वीकार गर्न मिल्दैन। करिब चार वर्षअघि नै बजार व्यवस्थापनका लागि घर–टहरा हटाउने विषयमा सहमति भएको बजार समितिका अध्यक्षको भनाइ छ। यदि व्यवस्थित बजार निर्माणका लागि सहमति भएको हो भने त्यसलाई कार्यान्वयनमा लैजानु आवश्यक छ। तर त्यसका लागि स्पष्ट योजना, पर्याप्त सूचना, वैकल्पिक व्यवस्थापन र प्रभावित पक्षसँग संवाद अनिवार्य हुन्छ। वर्षौंदेखि नयाँ बजारमा व्यापार गर्दै आएका नागरिकको जीविकोपार्जन एकैपटक समाप्त हुने अवस्था सिर्जना गर्नु जिम्मेवार स्थानीय शासनको नमुना हुन सक्दैन। व्यापारी सरस्वतीदेवी नायकले ३०–३५ वर्षदेखि गर्दै आएको चिउरा–मुरहीको व्यापार डोजर चलेपछि चौपट भएको र घरभित्रका सामानसमेत नष्ट भएको गुनासो गरेकी छन्। यस्तो क्षतिको उचित मूल्यांकन र आवश्यक क्षतिपूर्तिबारे नगरपालिकाले गम्भीरतापूर्वक सोच्नुपर्छ।

डोजर चलाउनु सजिलो उपाय हो, तर त्यसले उत्पन्न गर्ने सामाजिक र आर्थिक समस्या समाधान गर्न कठिन हुन्छ। स्थानीय सरकारको काम केवल संरचना भत्काउनु होइन, नागरिकको जीवनलाई व्यवस्थित बनाउनु पनि हो। त्यसैले नयाँ बजारको पुनर्संरचना गर्दा व्यापारीलाई हटाउनेभन्दा उनीहरूलाई व्यवस्थित रूपमा स्थानान्तरण गर्ने नीति प्राथमिकतामा पर्नुपर्छ। नगरपालिकाले निर्माण गरिरहेको ७२ कोठे भवन व्यापारी व्यवस्थापनका लागि हो भने त्यसको स्पष्ट विवरण सार्वजनिक गर्नुपर्छ कुन व्यापारीलाई कसरी स्थानान्तरण गर्ने, भाडा वा शुल्क कति हुने, प्राथमिकताको आधार के हुने र पुराना व्यापारीको अधिकार कसरी सुनिश्चित गर्ने भन्ने विषय पारदर्शी हुनुपर्छ। यसो गर्दा अहिले देखिएको विवाद धेरै हदसम्म समाधान हुन सक्छ।

त्यस्तै, घर–टहरा हटाउने क्रममा भएको क्षतिको निष्पक्ष मूल्यांकनका लागि नगरपालिकाले बजार समिति, व्यापारी प्रतिनिधि र सम्बन्धित सरोकारवालासहितको समिति गठन गर्न सक्छ। कसको संरचना कानुनी थियो, कसको अवैध थियो र डोजर चलाउँदा कति क्षति भयो भन्ने विषय तथ्यका आधारमा टुंग्याइनुपर्छ। दोषी भए कारबाही र वास्तविक क्षति भए उचित राहत वा क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ।

स्थानीय सरकार नागरिकको नजिकको सरकार हो। त्यसैले उसको व्यवहारमा पारदर्शिता, समानता र संवेदनशीलता देखिनुपर्छ विकास निर्माणको नाममा नागरिकलाई विपक्षी बनाउने होइन, सहभागी बनाउने अभ्यास आवश्यक छ। व्यापारीलाई पनि विकासविरोधी ठान्नु र नगरपालिकालाई व्यापारीविरोधी ठान्नु दुवै अतिवादी दृष्टिकोण हुन्।

अन्ततः प्रश्न डोजर चल्यो कि चलेन भन्ने मात्र होइन, डोजर चलाउँदा न्याय भयो कि भएन भन्ने हो। विकास आवश्यक छ, तर विकासको पहिलो शर्त नै नागरिकप्रतिको न्याय हो। लहान नगरपालिकाले नयाँ बजार व्यवस्थापनको अभियानलाई पक्षपातको आरोपबाट मुक्त गर्दै पारदर्शी, सहभागितामूलक र क्षतिपूर्तिसहितको नमुना व्यवस्थापनमा परिणत गर्न सके मात्र यस कदमले वास्तविक अर्थमा नगर विकासको स्वरूप लिन सक्नेछ।

# लाल आयोगको प्रतिवेदनमा सार्वजनिक गर्न नमिल्ने त्यस्ता केही कुरा छैन : पूर्वन्यायाधीश गिरिशचन्द्र लाल

*सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिश चन्द्र लाल नेपालको न्याय क्षेत्रमा निष्ठा, कानुनको शासन र मानवअधिकारको पक्षमा सबैभन्दा बढी अडिग भएर लाग्ने व्यक्तिमध्ये पर्छन्। २००७ साल पुस २१ गते महोत्तरीको सुगामा जन्मिएका उनी २०४८ सालमा पुनरावेदन अदालतको न्यायाधीश हुँदै २०६५ सालमा सर्वोच्चको अस्थायी न्यायाधीश र त्यसको दुई वर्षपछि स्थायी न्यायाधीश भए। न्याय क्षेत्रमा लामो समय काम गरेका उनी २०७२ जेठ ५ गते सीमाङ्कन र नामकरणबिना संविधान जारी गर्ने तयारीलाई रोक लगाउँदै अन्तरिम आदेश दिएपछि चर्चाको केन्द्र बनेका थिए। त्यस्तै तराई–मधेस आन्दोलन छानबिन गर्न तत्कालीन सरकारले उनकै अध्यक्षतामा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो, जसको प्रतिवेदन अहिलेसम्म गुपचुप अवस्थामा राखिएको छ। बहुचर्चित लाल आयोगको प्रतिवेदन सार्वजनिक नहुँदा बेलाबेलामा सरकारको आलोचनासमेत हुँदै आएको छ। यिनै सन्दर्भमा, पूर्वन्यायाधीश लालसँग मधेस सहकर्मी प्रवीण दत्तले कुराकानी गरेका छन्। प्रस्तुत छ, पूर्वन्यायाधीश लालसँग गरिएको कुराकानीको सम्पादित अंश :*



**सेवानिवृत्त भएपछि अहिले दिनचर्या कसरी बिताइरहनु भएको छ ?**

समय त काम गरेरै बिताइन्छ नि ! मान्छे निष्क्रिय हुँदैन। केही न केही सोचिन्छ, केही विचार आउँछन्। आफ्नो विचार त आउने नै भयो, कसैले सोध्यो भने त्यसको जबाफ पनि दिनुपर्‍यो। बिहानको समय 'मर्निङ वाक'मा बितिहाल्छ। त्यसपछि घरमा बसेर समाचारहरू पढिन्छ, सुनिन्छ। पुस्तकहरू अध्ययन गरिन्छ। कोही आउनुभयो भने उहाँसँग भलाकुसारी हुन्छ। यसरी नै मेरा दिनचर्या बित्ने गरेको छ।

**स्वास्थ्य अवस्था कस्तो छ ?**

मेरो स्वस्थ्य अवस्था ठिकै छ। मलाई डायबिटिज छ, अरु खासै त्यस्तो समस्या अहिलेसम्म केही छैन। अहिलेसम्म ठिकै छु, राम्रै छु।

**तपाईंको अध्यक्षतामा तत्कालीन सरकारले गठन गरेको तराई मधेस आन्दोलन उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छैन। प्रतिवेदन बुझाएकै १० वर्ष बितिसक्यो। धेरै सरकार परिवर्तन भए, तर अहिलेसम्म कुनै पनि सरकारले त्यो प्रतिवेदन सार्वजनिक नगर्नुको कारण के होला ?**

मेरो अध्यक्षतामा उच्चस्तरीय आयोग गठन भएको थियो। त्यसमा अरु साथी पनि सदस्य हुनुहुन्थ्यो। हामीले त्यो आयोगमा १४ महिना काम गर्ने क्रममा जहाँ–जहाँ घटना भएको थियो, लगभग सबै ठाउँमा पुगेर, त्यहाँ भेट भएका पीडित, स्थानीय भलादमीसँग कुरा गर्‍यौँ। वारदात स्थलहरू निरीक्षण गर्‍यौँ। त्यसबाट जे–जे जानकारी प्राप्त भयो, त्यो सबै सङ्कह गरेर आफ्नो विचारसहित तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री समक्ष हामीले प्रतिवेदन बुझाएका थियौँ।

त्यो प्रतिवेदन सरकारले किन सार्वजनिक गरेन भन्ने कुरा त सरकारले नै भन्न सक्ने विषय हो। सरकारकै निर्णय अनुसार त्यो सार्वजनिक हुने या नहुने हो। त्यो प्रतिवेदनमा सार्वजनिक गर्नै नहुने त्यस्तो केही कुरा छैन। देशको सुरक्षासँग सम्बन्धित कुराहरू केही पनि छैन। त्यो प्रतिवेदनमा कानुनको दृष्टिले सार्वजनिक गर्न नमिल्ने त्यस्ता केही कुरा उल्लेख छैन। त्यो सार्वजनिक गर्ने कि नगर्ने भन्ने कुरा मेरो हातमा छैन। त्यो प्रतिवेदन सार्वजनिक भएको छैन, तर त्यसको बारेमा धेरै जनाबाट धेरै कुरा बाहिर आइरहेको छ। ती बाहिर आएका कुरामध्ये अधिकांश सत्य नै छन्। सत्य, तथ्य अनुसन्धान गर्ने गरी आयोग बनाएको हो। हामीले त्यो प्रतिवेदन आफ्नो राय–सुझावसहित दिएका छौँ।

मेरो विचारमा त्यो प्रतिवेदन सार्वजनिक गर्ने हो भने देशलाई नै राम्रो हुने हो। सार्वजनिक गरेमा हामीभित्र के समस्या छन्, जनताको गुनासो के छ, मधेसमा पटक–पटक आन्दोलन किन भइरहन्छ ? यी सबै कुराको जबाफ दिने प्रयास पनि गरेका छौँ। के गर्दाखेरि फेरि आन्दोलन हुँदैन र मधेस तथा मधेसका जनतामा सन्तुष्ट हुन्छन् भन्ने धेरै कुरा सुझावका रूपमा दिइएको छ।

मलाई के लाग्छ भने त्यो प्रतिवेदन कसैका लागि नराम्रो हुँदै होइन। देशका लागि राम्रो हुने हो। लोकतन्त्रको लागि पनि राम्रै हुने हो। जनताको समान अधिकारका लागि पनि राम्रो हुने हो। सुरक्षा निकायहरूका लागि राम्रै सुझाव दिइएको छ। मलाई आफूले प्रतिवेदन बनाएको भएर राम्रो लाग्यो होला, तर त्यो प्रतिवेदन सबैका सामुन्ने आयो भने त्यसको आलोचना पनि हुन सक्छ। त्यसपछि त ठिक हो कि बेठिक हो भन्ने उजागर भइहाल्छ नि।

**प्रतिवेदन बुझाएको करिब १० वर्ष भइसक्यो तर यसबिचमा कैयौँ सरकार बने, हरेक सरकारले सार्वजनिक गर्न नचाहनुमा केही न केही त कारण होला नि ? अब त्यो प्रतिवेदन सार्वजनिक भयो भने त्यसको औचित्य रहन्छ ?**

प्रतिवेदनको महत्त्व मान्ने हो भने अहिले पनि महत्त्व हुन्छ। प्रतिवेदन सार्वजनिक नगरेर त्यसलाई महत्त्वहीन बनाउने कोसिस त भएको छ। त्यतिका नाबालक, बालबालिका, महिला, पुरुष, युवा मारिएका छन्। कस्तो प्रकारको आक्रोशले मारिए ? त्यो आक्रोश के कारणले भएको थियो ? उनीहरू आन्दोलनमा किन गए ? यदि सरकारले अब त्यस्तो आन्दोलन नहोस् भन्ने चाहन्छ भने त्यसको उपचार यो प्रतिवेदन हुनसक्छ।

प्रतिवेदनमा त्यहाँ कसै–कसैको नाम उल्लेख छ, वारदातहरूमा संलग्न प्रहरी र प्रशासनका अफिसरको नाम उल्लेख छ। ती नाम कसरी उल्लेखित छ भने त्यो मितिमा घटना हुने ठाउँमा प्रमुख जिल्ला अधिकारीदेखि प्रहरी प्रमुख लगायत उच्च दर्जादेखि तल्लो दर्जासम्मको नाम उल्लेख छ। नाम उल्लेखित भएकै कारण प्रशासनलाई असजिलो हुन्छ भन्ने लागेको हुन सक्छ। प्रमुख जिल्ला अधिकारी, प्रहरीको अफिसर गोप्य रूपमा परिचालन भएको त होइन नि। उनीहरूले ठिक गरेको भए ठिक गरेको पनि भनिएको होला।

**प्रतिवेदनमा उल्लेख भएका जघन्य घटनामा राजनीतिक नेतृत्व तहदेखि उच्च पदस्थ व्यक्तिहरू पनि कारबाहीको दायरामा आउन सक्ने हिसाबले र तिनीहरूलाई जोगाउनकै लागि त्यो प्रतिवेदन सार्वजनिक नभएको हो कि ?**

होला कि जस्तो लाग्छ। किनभने यहाँको प्रत्येक जल्दाबल्दा नेताहरू प्रधानमन्त्री भइसकेका छन्। उहाँहरू सरकारमा नहुँदाको समयमा त्यो प्रतिवेदन सार्वजनिक गर्नुपर्छ भनेर भन्नुहुन्छ, सरकारमा जाँदा पनि सार्वजनिक नै गर्नुपर्छ भन्नुहुन्छ। यो उचित समयमा सार्वजनिक गर्छु भनेर पनि भन्नुभएको छ। अनि त्यही व्यक्ति प्रधानमन्त्री पदबाट हटेपछि संसदमा पनि यो विषयमा बोल्नुहुन्छ। अहिलेसम्म किन सार्वजनिक भएन त्यो प्रतिवेदन भनेर आवाज उठाउनुहुन्छ। आफू प्रधानमन्त्री भएपछि सार्वजनिक गर्छु भन्नुहुन्छ, तर गर्नुहुन्न। प्रधानमन्त्रीबाट हटिसकेपछि अहिलेसम्म किन गरिएन भनेर उहाँले नै प्रश्न गर्नुहुन्छ।

त्यो प्रतिवेदन गैरकानुनी रूपले लेखेको हो वा नलेख्नुपर्ने कुरा केही छ भने भन्नुपर्‍यो नि। सार्वजनिक गर्नुपर्छ भनेर पनि भन्छ, गर्छु भनेर पनि भन्छ तर सार्वजनिक गर्दैन। कोही कसैको मान्छे परेर हो कि भनेर हामीले ठम्याउने कुरा त आउँदैन। हामीले सत्यतथ्य के–के छ भनेरमात्र भनेका हौँ। प्रतिवेदनले त फलाना दोषी छ भनेर पनि भनेको छैन, किटान गरिएको पनि छैन, यस्तो वारदात भएको भनेर देखाइएको मात्र हो। क्रिमिनल इन्भेष्टिगेसन त्यो आयोगले गरेको छैन, यसको अधिकार नै छैन। यो त पुलिस, सरकारी वकिलको काम हो। अनुसन्धान गर्ने निकाय छ, उनीहरूले अनुसन्धान गरेर अभियोजन गर्छन् होला नि।

प्रतिवेदनले को दोषी हो र को निर्दोष हो ? कसलाई सजाय हुनुपर्छ भनेर केही भनेकै छैन। किनभने त्यो काम आयोगको होइन। यस्तो–यस्तो भएको हो भनेर खाली तथ्य देखाइदिएको हो। एउटा कुरा मलाई के लाग्छ भने, त्यो बाहिर आयो भने सम्बन्धित व्यक्तिहरूमाथि कारबाही हुनसक्छ भन्ने भय होला। सरकारले गर्ने हो नि कारबाही। सरकारको निकायले अनुसन्धान गराउन चाहे भने हुन्छ, नचाहे हुँदैन।

**विगतका सरकारहरूले प्रतिवेदन सार्वजनिक गरेनन्, अहिले त नयाँ सरकार आएको छ नि। त्यसमा पनि करिब दुई तिहाइको बहुमतको सरकार छ। यो सरकारले पनि त्यो प्रतिवेदन सार्वजनिक गर्नेतर्फ चासो देखाएको छैन नि ?**

यो सरकारले पनि पटक–पटक आश्वासन दिएको छ। जेनजीहरूसमक्ष पटक–पटक प्रतिवेदन सार्वजनिक गर्छु भनेर भनेको छ, तापनि अहिलेसम्म गरिरहेको छैन। वास्तवमा भन्ने हो भने यो मेरो सरोकारको विषय हैन। सार्वजनिक गरोस् भनेर त म चाहन्छु। हामीले लेखेको प्रतिवेदन जनता समक्ष आओस् भन्ने चाहना त छ, तर चाहना हुँदैमा हामीले कुनै प्रेसर दिन सक्दैनौँ। हाम्रो काम जे थियो, त्यो हामीले गर्‍यौँ। यो सरकारले पनि आश्वासनमात्र दिइरहेको छ। पटक–पटक सार्वजनिक गर्ने प्रतिबद्धता जनाउँछ, तर अरु सरकारजस्तै यसले पनि अहिलेसम्म सार्वजनिक गर्न सकेको छैन। यो सरकार बनेपछि जनतामा एक किसिमको उत्साह आएको थियो, यसले गर्छ, सबै कुराहरू राम्रो गर्छ भनेर। केही कुरा गर्न चाहेजस्तो पनि देखिन्छ। सरकार आएको थोरै समय भएको छ, हेर्दैजाउँ न, के गर्छ !

**लाल आयोगको प्रतिवेदन त्यतिबेलै सार्वजनिक भएको भए मधेसमा बारम्बार देखिने अशान्तिसँगै अन्यायमा परेकाहरूले न्याय पाउँथे ? तपाईंलाई के लाग्छ ?**

मेरो विचारमा मधेस र नेपाललाई अलग गरेर सोच्न मिल्दैन। नेपाल भनेको कहाँ हो भनेर कसैले सोध्यो भने नेपालको नक्साभित्र कुनै खास ठाउँ होइन, नेपाल भनेको त तराई, पहाड, हिमाल सबै हो नि। यो प्रतिवेदन मधेस र मधेस आन्दोलनसँग बढी सम्बन्धित भएको हो, तर यो त नेपालमै हो नि। यसलाई अलग प्रकारले हेर्ने त्यो दृष्टि नै नराम्रो भयो। यसलाई

–बाँकी तीन पेजमा

## *लाल आयोगको ...*

पनि समान अधिकार दिनुपर्‍यो। यो देशभित्र मधेस पर्छ भने यसलाई अलग प्रकारले हेर्ने, मधेसका मान्छेलाई मूलधारका व्यक्ति जस्तो नठान्ने कुरा त राष्ट्रहित हैन नि। जुन मान्छेले नेपालको कुनै खास क्षेत्रलाई मात्र नेपाल मान्छ भने त्यो व्यक्तिलाई म राष्ट्रवादी नै मान्दिनँ।

**सेवानिवृत्त भइसकेपछि सरकारद्वारा गठित २ वटा उच्चस्तरीय छानबिन तथा जाँचबुझ आयोगको नेतृत्व गर्नुभयो। कति चुनौती हुँदोरहेछ यस्तो आयोगमा काम गर्न ?**

मलाई कुनै जटिलजस्तो लागेन। तपाईलाई कति जटिल भयो भनेर धेरै मान्छेले मलाई सोध्छन्। म न्यायाधीश हुँदाखेरि पनि धेरैले सोध्थे– तपाईंलाई कुनै दबाब छ कि छैन ? मैले भन्थेँ– मलाई दबाब छैन।

किनभने म दबाब ग्रहण नै गर्दिनँ भने दबाब हुन्छ कसरी ? मान्छेले केही भन्दैमा म किन दबाबमा पर्छु ? म न्यायाधीश थिएँ, न्यायाधीशको काम गर्नुछ। मलाई कुनै दबाबसँग प्रभावित हुनै छैन। त्यसकारण मलाई कुनै त्यस्तो अप्ठ्यारो भएन।

त्यसमा पनि यो आयोग गठन हुँदाखेरि नै निष्पक्षतापूर्वक प्रतिवेदन दिन सक्ने मान्छेको सेलेक्सन भएको हो त्यो बेला। त्यो बेलाको सरकार, मधेस आन्दोलनका नेताहरू, मधेसका जनता र त्यसबेलाका सरकारले मलाई निष्पक्ष मानेर सेलेक्ट गरेका हुन्। मेरो भनाइ मान्छ भनेर कसैले सेलेक्ट गरेका होइनन्। म कसैको भनाइमा लागेर काम नगर्ने स्वभावको भएर नै होला, यसले निष्पक्षतापूर्वक काम गर्छ भन्ने आशा र विश्वास गरेर न मलाई सेलेक्ट गरेको हो। ममाथि त्यस्तो दबाब कसैले सिर्जना गर्न सकेनन्। मैले भने अनुसार मलाई जति बजेट चाहिएको थियो, त्यो पनि दिएकै हो। सँगै मागे बमोजिम कर्मचारी पनि उपलब्ध गराइएको थियो। मलाई सबै सुविधा सरकारले दिएको थियो।

**मधेस आन्दोलनको क्रममा दर्जनौँले सहादत दिएपछि मुलुकले संघीयता पायो। मधेसले रोपेको संघीयताको बिउ पनि शिशुकाल हुँदै बाल्यकालमा हुर्किरहेको छ। के संघीयताले न्याय पायो ? तपाईंको अनुभूति के छ ?**

संघीयता भनेको मधेसको लागिमात्र हैन नि। नेपालमा ७ वटा प्रदेश छ। त्यहाँका जनतालाई गएर सोध्नुस्, यो संघीयता आएपछि विकास पहिलाभन्दा केही न केही बढी भएको छ। मान्छेमा जागरुकता बढी आएको छ। संघीयतालाई कार्यान्वयन गर्दाखेरि जुनप्रकारका प्रावधान संविधानमा व्यवस्था गरियो र जुन व्यवहारमा आइरहेको छ, त्यसमा केही त्रुटि हुनसक्छ, तर संघीयता आएपछि मधेसमात्र हैन, मधेसभन्दा बढी पहाडका क्षेत्रहरूमा विकास भएको छ। यो त राजनीतिक नेताहरूले गर्दा हो, दोष संघीयताको होइन नि। नेताको दोष छ भने ऊ दोषी हुनसक्छ, देश त दोषी हुन सक्दैन नि। हाम्रो लोकतान्त्रिक प्रणाली दोषी हुन सक्दैन, संघीयता दोषी हुन सक्दैन। निर्वाचन दोषी हुन सक्दैन। जनता दोषी हुन सक्दैन।

कानुनमा सुधार गर्नुपर्ने कुरा कानुनमै सुधार गर्नुस्, व्यक्तिमा सुधार गर्ने व्यक्तिमै सुधार होस्। संघीयता मधेसका लागि मात्रै महत्त्वपूर्ण हैन, समग्र नेपालको लागि हो। अब भ्रष्टाचार संघीयताले गरेको होइन नि, त्यो त व्यक्तिले गरेको हो। पहिला पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनता सन्तुष्ट थिएनन्, तर अहिले संघीयता आइसकेपछि भएको विकास निर्माणले केही सन्तुष्ट भएका छन्, तथापि हुने जति भएको छैन।

**न्यायालयमा सरकारको हस्तक्षेप बढी हुन्छ भन्छन्, यहाँ कार्यरत रहेको बेला न्यायालयमा राजनीतिक हस्तक्षेप हुने गरेको केही अनुभूति छ ?**

ममाथि बढी प्रभाव पार्ने प्रयास कसैले गरेन। सामान्य रूपले कसैले केही भन्नसक्छ, तर मैले उनीहरूलाई कानुन अनुसार जे काम हुन्छ, म त्यही गर्छु, त्यो बाहेक म माथि आशा नगर्नुस् भनेको छु। तपाईंको पक्षमा कानुन र प्रमाणहरू छन् भने मुद्दा जित्न पनि सक्नुहुन्छ, छैन भने हार्न पनि सक्नुहुन्छ भनेको छु।

यो नेपाल हो, यहाँ कसैले भनसुन गर्दैन भन्ने कुरा पनि हैन। कहिलेकाहीँ यस्ता कुरा आउँछन्। सबैका आफ्ना नातागोता, चिनजानका मान्छे हुन्छन्, तर प्रभाव लिने कसरी ? त्यो कुरा पनि कानुनसम्मत नै हुन्छ। राजनीतिक हस्तक्षेप भन्ने त म मान्दिनँ, तर कुनै न्यायाधीशले कसैको सिफारिस स्वीकार गर्ने, कसैको डरधाक मान्ने भएपछि त मान्छ भनेर भन्छन्। जसले मान्दैन, उसलाई कसैले भन्न सक्छैन।

**वालेन्द्र (बालेन) शाह नेतृत्वको वर्तमान सरकारको कार्यकाल ५ महिना बितेको छ। यो अवधिलाई हेर्दा सरकारको कामलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

मैले पनि यो सरकारबाट आशा गरेको छु। राम्रै आशा गरेको छु। मेरो आशा अहिले पनि नभएको होइन। अब नयाँ सरकार बन्यो, अनुभव थिएन, केही कुरा सिक्नुपर्ने, केही कुरा बुझ्नुपर्ने, अनि गर्नुपर्ने थियो। केही कुरा हतारहतारमा गरेजस्तो लाग्छ। कुनै नगर्नुपर्ने कुराहरू पनि गरेजस्तो लाग्छ। तर अहिले नै सबै दोष दिने बेला आइसकेको छैन। समय दिनुपर्छ, सुधारको आशा गर्नुपर्छ। जति मेहनत गर्नुपर्ने हो, त्यतिचाहिँ परिणामले देखा परिरहेको छैन।

**वर्तमान सरकारले पनि न्यायालयमा हस्तक्षेप गर्‍यो, प्रधान न्यायाधीश नियुक्तिमा रोलक्रम मिचेर आफू अनुकूललाई बनाइयो भन्ने गुनासो छ, यसमा तपाईं के भन्नुहुन्छ ?**

न्यायालयले स्वतन्त्र रूपमा काम गर्नुपर्छ। न्यायालयमा कसैले कुप्रभाव पर्नु हुँदैन। म त भन्छु सुप्रभाव त सबै ठाउँमा पर्नुपर्छ। न्यायालय निष्पक्षतापूर्वक काम गरोस्, स्वतन्त्रतापूर्वक काम गरोस्, नजानेका कुराहरू मन्थन, बहस गरेर बुझोस् अनि जान्ने कुराहरू किताबबाट लियोस्। न्यायालयमा प्रभाव नै नपर्ने होइन। न्यायालयमा वकिलहरू खुला बहस गर्न पाउँछन्, त्यसको प्रभाव पर्दैन ? न्यायालयका न्यायाधीशहरूले कानुनका, न्यायका पुस्तकहरू पढ्नुपर्छ, त्यसको प्रभाव पर्दैन ? सबै जनाले न्याय हुनुपर्छ भनेर भन्छ, त्यसको प्रभाव पर्दैन ? पर्छ नि। प्रभाव पर्छ तर कुप्रभावहरू पर्नुहुँदैन। कुनै नेताको दबाबमा पर्नु हुँदैन, अन्य कुराहरूबाट कुप्रभावित हुनु हुँदैन। हामीले के आशा गरेका छौँ भने निष्पक्षतापूर्वक काम होस्। विगतमा केही कुरा राम्रा थिए र अहिले पनि केही राम्रा हुन सक्छन्। समयले सबैकुरा निर्धारण गर्छ।

**चौथो वरीयताक्रममा रहेको न्यायाधीशलाई प्रधान न्यायाधीश बनाइयो, आफ्नो अनुकूल प्रयोग गर्नकै लागि रोलक्रम मिचेर सरकारले सिफारिस गरेको भन्छन् नि कतिपयले त ?**

सरकारले गरेको नियुक्ति कानुन अनुसार नै हो। पहिलो नम्बरमा रहेकालाई नै लिनुपर्छ भन्ने कुरा कानुनले बाध्य गर्दैन। राम्रो, निष्पक्ष मान्छे आओस् भनेर न्याय परिषद हुँदै आएको सिफारिसलाई संवैधानिक परिषदमा जसको बहुमत पुग्छ, त्यसले आफ्नो प्रकारले गर्न सक्छ। सर्वसम्मतले गर्ने पहिलाको परिपाटी थियो। तर जे होस्, अहिले जसरी नियुक्ति भएको छ, त्यो कानुनसम्मत नै हो। यसमा मलाई कुनै संशय छैन।

रोलक्रम महत्त्वपूर्ण कुरा हो, तर रोलक्रम मिच्नै पाइँदैन भन्ने कुरा हैन। अब जहाँसम्म वरिष्ठलाई छोडे, कनिष्ठलाई लिए भनेर भन्नुहुन्छ नि, सर्वोच्च अदालतमा न्यायाधीशहरूको नियुक्ति विगतका कालमा जुन भएका थिए, त्यसमा पनि पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरू वरिष्ठ भए पनि तिनीहरूलाई छोडेर कानुनव्यवसायीहरूबाट धेरै न्यायाधीशहरू नियुक्त गरिएको थियो। जुनियरलाई पनि नियुक्त गरिएको थियो। अब किन गरिएको थियो त भन्दा राजनीतिक दबाब थियो होला। नियुक्त गर्नेहरूको पनि आफ्नै मान्छे थिए होला। होला भनेर भन्छु, यकिनसाथ फलाना ढिस्कानोको नाम लिनु छैन मलाई। ती कुरा सबैतिर छन्, यो कुरा लुकेको पनि छैन।

तपाईंलाई मेरो प्रतिप्रश्न के छ भने जब तपाईं सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति गर्दाखेरि भइरहेका सिनियरहरूलाई छोडेर जुनियरहरूलाई नियुक्त गर्नसक्नुहुन्छ, वकिलहरूमा भइरहेको सिनियरलाई छोडेर जुनियरलाई ल्याउन सक्नुहुन्छ भनेपछि अब ल्याइसकेपछि सबैभन्दा सिनियर हो भनेर कसरी भन्नु सक्नुहुन्छ। जसलाई छोडिएको छ, ऊ पनि सबैभन्दा सिनियर हैन र जसलाई ल्याइएको छ त्यो पनि सबैभन्दा सिनियर हैन।

**न्यायाधीश नियुक्तिको प्रक्रिया पनि परिमार्जन अथवा संशोधन गर्नुपर्ने बेला आएको हो कि ?**

न्यायाधीश नियुक्तिका लागि नियतमा परिमार्जन गर्नुपर्छ। प्रक्रिया र कानुनमा मात्र भएर हुँदैन। तपाईं बाईक चलाउनुहुन्छ, ट्राफिक नियम मान्ने नमान्ने त तपाईं हो नि। अब त नियम मान्नु भएन भने कानुनमा परिवर्तन गर्नुपर्छ भन्ने त हैन। खेलका नियमहरू पालन गर्नुपर्छ। नियम परिवर्तन गरिराख्नुपर्छ भन्ने हैन। नियुक्ति गर्दा राम्रो नियतले गर्नुपर्छ, अनि जसले नियुक्ति पाएको छ, उसले निष्पक्षतापूर्वक काम गर्न सकोस्। निष्पक्षतापूर्वक काम गर्न नसक्ने, जुन मुद्दा चाँडै हेर्नुपर्ने, त्यो नहेर्ने, कुनै एउटा मुद्दामा अल्पकालीन अन्तरिम आदेश गरिदियो अनि त्यो अन्तिम फैसला गर्न ४/५ वर्ष लट्काइदिने। त्यही भएर स्वच्छ नियतले नियुक्ति गर्नुपर्ने थियो। त्यसको अभाव भएको कारणले यस्तो हुन गएको हो। सबै दोष प्रक्रिया र कानुनलाई दिन मिल्दैन।

**न्यायालयभित्र मुद्दा आफ्नो पक्षमा पार्न न्यायाधीशसम्म आर्थिक चलखेल पनि हुने गरेको गाइँगुइँ सुनिन्छ नि ? के यो निराधार हल्लामात्रै हो त ?**

बाहिरबाट लागेको आरोप सबै सत्य हुन्छन् भन्ने हैन, तर न्यायमा जब तलमाथि पर्छ भने केही कुराहरूमा जनताले शङ्का गर्नु स्वाभाविक हो। अदालतका जति पनि काम–कारबाहीहरू हुन्छन्, त्यो सब खुला वातावरणमा हुनुपर्छ र हुन्छन् पनि।

फैसला न्यायाधीशले बोलेर गर्दैन, लेखेर गर्छ। आदेश र फैसला दुवै लिखित नै हुन्छ। त्यो फैसलामा सबैले रिजनिङ खोज्छन्, कुनै कानुन, कुन प्रमाण, कुन आधारमा फैसला भएको हो, आदेश भएको हो, यो सबै जनताले हेर्न पाउने हो। हेर्न पाउँदा उसले आलोचना, समालोचना पनि गर्न पाउँछ। फैसला, आदेशको आलोचना समालोचना भयो भने अदालतको मानहानि हुँदैन, मेरा भनाइमा त झन् मान बढ्छ। किनभने तपाईंको सत्यताको, निष्पक्षताको परीक्षण भएको छ। त्यो परीक्षण भएपछि उसकै मान बढ्यो नि।

शङ्का गर्ने ठाउँमा तपाईंमाथि आलोचना, समालोचना गरे पछि त यो ठिक रहेछ भयो भने मान घट्यो कि बढ्यो ? मेरो आफ्नै एउटा उदाहरण दिन्छु। मैले जुन संघीयता सम्बन्धी आदेश गरेको थिएँ, त्यसको थुप्रै आलोचना भयो, समालोचना भयो। यो आदेश गर्ने नहुने पनि भन्यो, संविधान बनाउनलाई रोकिदियो भन्यो। यो संविधानसभालाई कुनै पनि तरिकाले बाधित गर्नु हुँदैन भनेर भनियो। संघीयता दिने विचार थिएन त्यसबेलाका नेताहरूलाई। अनि संघीयता दिनुपर्छ भन्ने आदेश किन गरेँ भने फलानो धारालाई हेरेर, विचार गरेर संविधान बनाउन भनेको हो नि। नबनाउन भनेको हैन नि।

त्यसको पनि आलोचना भयो, अन्तिममा मान्छेले के थाहा पाए भने यो आदेश ठिक रहेछ। यसले अदालतको मान बढ्यो नि। यसबाट मलाई के लाग्छ भने मेरो आलोचना भएर मेरो मान पनि बढेको हो। ममाथि जुन अहिले जनताले विश्वास गरिरहेको छ, त्यो आलोचना नभएको भए विश्वास हुन्थेन। अदालतको आदेशहरू क्रिटिसिज्मभित्र पर्छ। तर एउटा कुरा महत्त्वपूर्ण कुरा छ, त्यो आदेश वा फैसलालाई सबैले मान्नुपर्ने हुन्छ। आलोचना गरोस्, तपाईं मुद्दा हार्नुभयो, आलोचना गर्न पाउनुभयो, तर तपाईंले फैसला मान्दिनँ भन्न पाउनुहुन्न। रातोपाटीबाट

# सप्तरीमा दुई वर्षीया बालिकाको हत्या आरोपमा कान्छी आमा पक्राउ



**धीरेन्द्रप्रसाद साह**

राजविराज, ९ भदौ। सप्तरीको शम्भुनाथ नगरपालिकामा दुई वर्षीया बालिकाको हत्या गरेको आरोपमा प्रहरीले उनको कान्छी आमालाई पक्राउ गरेको छ। शम्भुनाथ नगरपालिका–२ कनकपट्टी टोल घर भई हाल शम्भुनाथ नगरपालिका–३ ट्राफिक बजारमा बस्दै आएका मो. इरफानका २५ वर्षीया कान्छी श्रीमती मुस्कान भनिने जास्मिन खातुनलाई पक्राउ गरिएको हो। प्रहरीका अनुसार खातुनले दुई वर्षीया बालिका खुशी खातुनको हत्या गरी घर पछाडिको झाडीमा फालेको आरोपपछि घटना लगतै पक्राउ गरिएको थियो।

सप्तरी प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार घटनापछि पक्राउ परेकी खातुनसँग सोधपुछ गर्दा बालिकाको हत्या गरेको स्वीकार गरेको बयानका आधारमा अनुसन्धान अघि बढाइएको छ। मृतककी आमा रुबिना खातुनले दिएको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरिएको उहाँले जानकारी दिनुभयो।

पक्राउ परेकी खातुनलाई सप्तरी जिल्ला अदालतबाट भदौ ७ गतेदेखि लागू हुने गरी पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। उहाँले भदौ ७ गते आइतबार बिहान भएको घटनाको थप अनुसन्धान भइरहेको बताउनुभयो। घटना भएकै दिन बालिकाको शवको पोष्टमार्टम गरेर अन्तिम संस्कारको लागि बालिकाको आमाले बुझेर लगेका थिए।

## *बकसपत्रको जग्गा...*

को १० कट्ठा २.१ धुर र १७४४ को दुई कट्ठा एक धुर जग्गा बकसबापत पाएको उनले बताए। 'त्यही जग्गाबाट आफूहरूले पनि हिस्सा पाउनुपर्ने भाइहरूको माग थियो,' उनले भने, 'बाबुले दिएकोमध्ये तीन भाइलाई दुई–दुई कट्ठा जग्गा दिने विषयमा मौखिक सहमति पनि भएको थियो, तर म किरियामा बसेका वेला भाउजूलाई झुक्याएर ३० लाखको कपाली तमसुकमा सहीछाप गर्न लगाएछन्।'

१८ फागुन ०७७ मा निधन भएका बाबुको दाहसंस्कारपछि जेठो छोराको हैसियतले आफू नै किरियामा बसेका वेला तीन दिनपछि २१ फागुनको राति भाइहरू आएर विन्देश्वरले दुई वर्षअघिको मितिमा लिँदै नलिएको ३० लाख रुपैयाँको कपाली तमसुक बनाएर गएको उनले सुनाए। 'बाबुको तेह्रौं तिथिसमेत नसकिँदै जबर्जस्ती दबाब दिएर कपाली तमसुक बनाएको विषयमा भोलिपल्ट कसहा प्रहरी चौकीमा निवेदन दिएपछि प्रहरीले बोलाएको पनि हो, भाइले आउँछु भनेर समय दियो, तर २३ फागुनमा सिराहा जिल्ला अदालतमा लेनदेन मुद्दा हालेछ,' उनले भने।

त्यसको पाँच दिनपछि २८ फागुनमा पवित्रीले सिरहा जिल्ला अदालतमा आपराधिक बल प्रयोग जोरजुलुमसम्बन्धी हालेको मुद्दाको १६ असार ०७९ मा न्यायाधीश प्रकाश खरेलको इजलासले वादीको दाबी नपुग्ने अन्तिम फैसला सुनाएको थियो। उनका छिमेकी रामदुलार महतो बाबुको किरियामा बसेका वेला भाइहरूले जबर्जस्ती ३० लाख रुपैयाँको कपाली तमसुक बनाएको आफूले सुनेको बताए। 'किरियामा बसेका ठुलो बालाई रातको समयमा कुटपिट गर्ने उद्देश्यले लाठी बोकेर आएको देखेपछि मैले नै रोकेँ,' उनले भने, 'म घर गएपछि जबर्जस्ती तमसुक बनाएको भन्ने भोलिपल्ट मात्र थाहा पाएँ।'

**उच्च हुँदै सर्वोच्चसम्म धाउँदै**

जिल्ला अदालतले अन्तिम फैसलामा प्रतिवादीहरूले जबर्जस्ती कपाली तमसुकमा सहीछाप गराएको भन्ने फिराद दाबीजस्तो गम्भीर विषयमा शान्ति सुरक्षासँग सम्बन्धित निकायमा उजुरी नदिएको विषयलाई मुख्य आधार बनाएको छ। त्यससँगै प्रतिवादीहरुले जबर्जस्ती नगरेको बरु लिएको ऋण तिर्नु नपरोस् भन्ने मनसाय रहेको भन्ने जिकिरको आधारमा फैसला सुनाएपछि वृद्धदम्पतीले १६ कात्तिक ०७९ मा उच्च अदालत जनकपुर राजविराज इजलासमा पुनरावेदन गरेका थिए।

उक्त पुनरावेदनसम्बन्धी न्यायाधीशद्वय वामदेव ज्ञवाली र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलासले ११ फागुन ०८१ मा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरु जिल्ला अदालतले गरेको फैसला मिलेको देखिँदा सदर ठहर हुने र पुनरावेदक वादीको जिकिर नपुग्ने फैसला सुनाएको थियो। पुनरावेदनको फैसलापछि वृद्ध महेन्द्र श्रीमतीको वारेसमा मुद्दा दोहोर्‍याइपाऊँ भन्ने माग दाबीसहित ०८२ भदौमा सर्वोच्च अदालत पुगेका छन्।

# मधेस प्रदेश : गत आवमा ८२१ उद्योग बन्द



जनकपुरधाम, ९ भदौ। आर्थिक मन्दीलगायतका कारणले मधेस प्रदेशमा गत आर्थिक वर्ष २०८२/८३ मा उद्योग र वाणिज्यतर्फका एक हजार ९३८उद्योग व्यापार बन्द भएका छन्। मधेस प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका अनुसार गत आव २०८२/८३ मा उद्योगतर्फ ८२१ र वाणिज्यतर्फका एक हजार ११७ गरी एक हजार ९३८उद्योग व्यवसायको लगत कट्टा भएका छन्।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ। सो अवधिमा पर्सामा एक हजार १०१ , धनुषामा ७७७ , बारामा ६३९ , सर्लाहीमा ६३६ , सिरहामा ५५४ , रौतहटमा ५३३ , महोत्तरीमा ५१४ र सप्तरीमा ३१४ वटा नयाँ उद्योग दर्ता भएको मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले बताए। गत आव २०८२/८३ मा सात हजार ५४० वटा उद्योगको नवीकरण भएको छ।

सूचना अधिकारी महतोका अनुसार गत आव २०८२/८३ मा वाणिज्यतर्फ प्राइभेट फर्म छ हजार १२२ वटा र साझेदारी फर्म १८ नयाँ दर्ता हुदाँ ११ हजार १४४ नवीकरण भएको छ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरणलगायतका शीर्षकबाट रु पाँच करोड २६ लाख ४९ हजार ५६२ राजस्व सङ्कलन भएको सूचना अधिकारी महतोले बताए। विश्वव्यापी रुपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभाव तथा स्थानीय तहमा पनि उद्योग दर्ता गराउने क्रम बढ्नुलगायतका कारणले उद्योगहरुको लगत कट्टा हुने संख्या बढेको सूचना अधिकारी महतोको भनाइ छ।

# चुरे भेगमा गाडी नचल्दा सास्ती

सर्लाही, ९ भदौ। भौगोलिक हिसाबले विकट रहेका सर्लाहीको चुरेवर्ती क्षेत्रमा यातायात सञ्चालन नहुँदा सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न आउनुपर्ने स्थानीय र बिरामी मारमा परेका छन्। जिल्लाको चुरे भेगमा बर्खा लागेपछि दुई महिनादेखि यात्रुवाहक बस सञ्चालन हुन सकेका छैनन्। खोलामा बाढी नआएका बेला बोलेरो र ट्याक्टरले लालबन्दी बजारसम्म जोखिमपूर्ण किसिमले यात्रु ओसार्ने गरेका छन्।

सडक नपुगेको र खोलैखोला आउजाउ गर्नुपर्ने लालबन्दी नगरपालिका–१४, नारायणखोला, लालबन्दी नगरपालिका–१५, शीर कालिन्जोर, भित्रीखोला, ईश्वरपुर नगरपालिका–१२, पिपलदमार, लामीदमार, शीर फूलजोर, बाँकेलगायत क्षेत्रका स्थानीय यातायात सञ्चालन नहुँदा मारमा परेका हुन्। उत्तरी चुरेभेगका वडा कार्यालय चुरेफेदीमा छन्। विकट बस्तीबाट वडा कार्यालयसम्म आउँदा दिन बित्ने अवस्था छ। चुरेभेगका स्थानीयको मुख्य बजार लालबन्दी हो।

औषधी उपचारका लागि पनि स्थानीय लालबन्दी बजार नै आउने गर्छन्। लालबन्दी नगरपालिका–१५, नारायणखोला पन बिघाका लालबहादुर पाखिनले बर्खामा चुरेपहाडको बसाइँ कष्टकर हुने गुनासो गर्नुभयो। चुरे भेगमा दिनैपिच्छे पानी परिरहेकाले ट्याक्टर पनि नियमित चल्न नसकेको पाखिनले बताउनुभयो।

पानी नपरेको दिन लालबन्दी बजारबाट पत्थरकोट हुँदै नारायणखोलाकै सत्र कड्डानजिकसम्म ट्याक्टर ओहोरदोहोर गर्ने भए पनि अरुबेला पत्थरकोटसम्म नै हिँडेर जानुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ। नारायणखोलाको १५ बिघामा मात्र १५० बढी घरधुरी रहेको र त्यहाँदेखि पत्थरकोटसम्म हिँडेर आउनुपरे तीन घण्टा आउन र फर्कंदा पनि उत्ति नै समय लाग्ने पाखिनले बताउनुभयो। नयाँ आर्थिक वर्ष लागेपछि हरेक वर्ष सामाजिक सुरक्षा भत्ता नवीकरण गर्नुपर्ने प्रावधान रहेकाले चुरेको विकट गाउँका स्थानीय अहिले भेल बाढी खेपेरै वडा कार्यालय आइरहेका छन्। ईश्वरपुर नगरपालिका–१२, कालिन्जोरका वडा सचिव पुष्पबहादुर खड्काले चुरे भेगका स्थानीय जसोतसो भत्ता नवीकरणका लागि आइरहेको जानकारी दिनुभयो।

घन्टौं धाएर वडा कार्यालय आउने विकट गाउँका बासिन्दा कहिलेकाहीँ ‘सर्भर’ नचलेर काम नहुँदा थप मारमा पर्ने गरेका छन्। वडा सचिव खड्काले साउनको सुरु सुरुमा सर्भरमा समस्या देखिए पनि अहिले फटाफट काम भइरहेको बताउनुभयो। सर्लाहीमा अहिले भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको पारिवारिक संकलन भइरहेकाले चुरेको विकट गाउँका बासिन्दालाई शिविर सञ्चालन भइरहेको स्थान तथा वडा कार्यालयसम्म आउन गाडी नचलेर समस्या छ।

# तीन करोड ७२ लाख गैरकानुनी सम्पत्ति आर्जन गरेका नापीका अमिनविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं, ९ भदौ। तीन करोड ७२ लाख रुपैयाँ गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालयका अमिनविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको पुष्टि भएपछि नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को नापी कार्यालयमा कार्यरत सर्भेयर विन्देश्वर साह सुडीविरुद्ध आयोगले मुद्दा दायर गरेको हो।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा नासुसरहको अमिनमा अस्थायी नियुक्ति लिएको १६ वैशाख ०४६ देखि ३२ जेठ ०८१ सम्मको अवधिमा अमिन सुडीले आर्जन र खर्च गरेको रकमको विश्लेषण गेरे स्रोत नखुलेको सम्पत्तिलाई गैरकानुनी ठहर गर्दै अख्तियारले मुद्दा दायर गरेको हो। अख्तियारको दुरुपयोग गरी गैरकानुनी आर्जन गरेको देखिएको तीन करोड ७१ लाख ८४ हजार ५५१ रुपैयाँलाई नै सुडीविरुद्धको बिगो रकमका रूपमा कायम गरिएको छ।

पदीय मर्यादाविपरीतका कार्य गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति पत्नीको नाममा समेत राखेको पाइएपछि सुमित्रादेवी साहलाई समेत बिगो जफत प्रयोजनका लागि प्रतिवादी कायम गरिएको छ।

सरकारी जागिरको अवधिमा सुडीले विभिन्न आयस्रोतबाट कानुनी रूपमा आर्जन गरेको सम्पत्ति र प्रमाणित खर्चको विश्लेषण अख्तियारले गरेको छ। आयतर्फ पारिश्रमिक बचत, भत्ता आयको बचत, घरजग्गा बिक्री आय, एकासगोलको आय, ऋण–सापटी लिएको रकम, सेयर बिक्री आय, बिमा परिपक्व/समर्पण आय, कृषि आय, छात्रवृत्ति, ब्याज रकम, ऋण सापटी फिर्ता रकम, सुन बिक्रीसमेत ६ करोड तीन लाख ८५ हजार ३० रुपैयाँ वैधानिक आम्दानी देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। जाँच अवधिमै जग्गा, सेयर र सवारीसाधन खरिद, बिमा प्रिमियम भुक्तानी, अध्ययन खर्च, ऋण–सापटी तिरेको रकम, बैंक मौज्दात, ऋण–सापटी दिएको रकम, जग्गा खरिदसम्बद्ध कमिसन तथा थप खर्चसमेत सम्पत्ति सिर्जना र लगानीतर्फ उनको कारोबार देखिएको रकम नौ करोड ७५ लाख ६९ हजार ५८१ रुपैयाँ देखिएको छ।

सुडीको जाँच अवधिको कुल आयबाट सोही अवधिको कुल खर्च तथा लगानी घटाउँदा तीन करोड ७१ लाख ८४ हजार ५५१ रुपैयाँ वैधानिक आयभन्दा कुल व्यय अधिक हुन गई स्रोत पुष्टि भएको नदेखिएकोबाट उक्त रकमबराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य पुष्टि भएको अख्तियारको दाबी छ।

सुडीले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएकोले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपपत्रमा उल्लेख छ।

# रौतहटमा १९ लाखभन्दा बढीको तरबुजाको बिउ र लसुन बरामद



रौतहट, ९ भदौ। रौतहटको ईशनाथ नगरपालिका–१, बन्जरहामा सशस्त्र प्रहरीले एक घरमा छापा मारेर करिब १९ लाख १२ हजार ४ सय रुपैयाँबराबरको तरबुजाको बिउ र लसुन बरामद गरेको छ। विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हेडक्वार्टर र मातहतका युनिटबाट सशस्त्र प्रहरी नायब उपरीक्षक दुर्गाप्रसाद भट्टको कमाण्डमा खटिएको ६५ जनाको टोलीले स्थानीय राजनारायण साहको घरमा खानतलासी गरेको थियो।

खानतलासीका क्रममा घरमा लुकाइछिपाइ राखिएको ८६ बोरा ( तीन हजार ९६ केजी) तरबुजाको बिउ र २२४ बोरा (चार हजार १४४ केजी) लसुन बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीले बरामद सामानलाई आवश्यक कारबाहीका लागि सोमबार बिहान २:५५ बजे गौर भन्सार कार्यालय, रौतहटमा बुझाएको जनाएको छ। यसैबिच, मधेश प्रदेशका सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) विष्णु भट्टको निर्देशनमा सीमा क्षेत्रमा हुने अवैध ओसारपसार तथा तस्करी नियन्त्रणका लागि निगरानी थप कडा पारिएको छ। घटनासँग सम्बन्धित विषयमा बिओपी औरैयाका सशस्त्र प्रहरी निरीक्षकलाई जिम्मेवारीबाट तानेर आवश्यक सोधपुछ तथा अनुसन्धान भइरहेको डिआइजी भट्टले बताए।

डिआइजी भट्टका अनुसार नं.११ गण हेडक्वार्टर रौतहटअन्तर्गत रहेका पाँचवटै बिओपी तथा मातहतका युनिटका इन्चार्जहरूलाई सीमा क्षेत्रमा तस्करी तथा अवैध ओसारपसार हुन नदिन कडा निर्देशन दिइएको छ।

सीमा क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रणलाई प्राथमिकतामा राख्दै सशस्त्र प्रहरीले पछिल्लो समय विशेष निगरानी र गस्ती बढाएको जनाएको छ। सीमा सुरक्षासँगै राजस्व चुहावट नियन्त्रणका लागि मातहतका सबै युनिटलाई थप जिम्मेवार र सक्रिय बनाइएको डिआइजी भट्टले बताए।

# सर्पदंशबाट सिरहाका ११ वर्षीय बालकको मृत्यु

**सुरेश राय**

सिरहा, ९ भदौ। सिरहाको भगवानपुर गाउँपालिका–२ गमहरियाका ११ वर्षीय प्रियांसु भगतको सर्पदंशबाट मृत्यु भएको छ। घरमा सुतिरहेका बेला सर्पले डसेका प्रियांसुको सोमबार साँझ ६ बजे उपचारकै क्रममा मृत्यु भएको हो। ३ भदौ राति करिब १० बजे प्रियांसु र उनका ८ वर्षीय भाइ दिव्यांशु भगतलाई सुतिरहेका बेला सर्पले डसेको थियो। प्रियांसुलाई कानमा र दिव्यांशुलाई खुट्टामा सर्पले डसेको परिवारले जनाएको छ।

सर्पले डसेपछि उनीहरूलाई तत्काल उपचारका लागि लहानस्थित रामकुमार–शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल पुर्‍याएको थियो। उक्त अस्पतालले दुवैलाई विराटनगर रेफर गरेको थियो। अस्पतालमा आवश्यक एन्टिस्नेक भेनम ( सर्पदंशविरुद्धको औषधि) उपलब्ध नभएको भन्दै बिरामीलाई विराटनगर रेफर गरिएको परिवारको दाबी छ। तर अस्पतालले भने एन्टिस्नेक भेनम लगाएर विराटनगर पठाइएको बताएको छ।

विराटनगरमा उपचाररत दाजुभाइमध्ये प्रियांसुको अवस्था गम्भीर बन्दै गएपछि सोमबार साँझ ६ बजे उनको मृत्यु भएको दाजु मुकेश भगतले जानकारी दिए। उनका अनुसार परिवारको आर्थिक अवस्था कमजोर भएकाले उपचार खर्च जुटाउन गाउँदेखि सामाजिक सञ्जालसम्म ‘दाजुभाइ बचाउ अभियान’ सञ्चालन गरिएको थियो। दिव्यांशुको स्वास्थ्य अवस्था भने अहिले सामान्य हुँदै गएको र उनलाई सोमबार नै विराटनगरबाट घर ल्याइएको छ।

प्रियांसु र दिव्यांशु स्थानीय बालासुन्दरी माध्यमिक विद्यालय, भगवानपुरमा अध्ययनरत थिए। प्रियांसु कक्षा ८ र दिव्यांशु कक्षा ४ मा अध्ययनरत थिए। अशोक भगतका दुई छोरा र एक छोरी छन्। प्रियांसु जेठा, दिव्यांशु माइला र ५ वर्षीया अनुष्का कान्छी छोरी हुन्। प्रियांसुका बुवा भारतको दिल्लीमा मजदुरी गर्दै आएका छन्। दुई छोरालाई सर्पले डसेको खबर पाएपछि उनी भदौ ४ गते मात्र घर आइपुगेका थिए।

प्रियांसुको मृत्युपछि सर्पदंशको उपचारका लागि जिल्लाकै स्वास्थ्य संस्थामा पर्याप्त एन्टिस्नेक भेनमसहित आवश्यक औषधि र उपचार सेवा सुनिश्चित गर्नुपर्ने माग परिवार तथा स्थानीयवासीले गरेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)